# नेपालको भावी संविधानमा समावेश गर्नका लागि Nepalese Youth For Climate Actionले पेश गरिएको बुदाहरु

## मौलिक हक

**वातावरणसम्बन्धी हक:**

१. प्रत्येक नागरिकलाई स्वच्छ र सफा वातावरणमा बाँच्न पाउने हक हुनेछ । राज्यले स्वच्छ र सफा वातावरण उपलब्ध गराउने छ र सोको अतिक्रमण कहीँ कतैबाट हुन दिने छैन । साथै आफ्नो वातावरण स्वच्छ र सफा राख्ने दायित्व हरेक नागरिकको कर्तव्य हुने छ र सोको सुनिश्चितताका लागि आवश्यक योगदान गर्नुपर्ने छ । अतिक्रमण भएको अवस्थामा पर्याप्त क्षतिपूर्ति दिइने छ ।

२. वातावरण विनाश र प्रदूषणका कारण पुग्न गएको व्यक्तिगत, सामुदायिक एवम् अन्य क्षतिको निर्धारण गर्ने वैज्ञानिक एवम् उपयुक्त संयन्त्रको विकास गर्ने छ ।

३. वातावरणीय स्रोतहरूमाथि आश्रित समुदायहरूको परम्परागत अधिकार रहने छ र सोको व्यवस्थापन तथा संरक्षणमा कुनै हस्तक्षेप हुने छैन र आश्रित समुदायहरूको दिगो व्यवस्थापन पद्धतिलाई कानुनी मान्यता दिइनेछ ।

४. भावी सन्ततिको वातावरणीय अधिकार सुनिश्चित गर्नका लागि राज्यले प्राकृतिक स्रोत, सम्पदा तथा वातावरणको संरक्षण तथा सम्वर्धन गर्नेछ ।

५. जलवायु परिवर्तनबाट हुने मानवीय स्वास्थ्य तथा बहुपक्षीय वातावरणीय क्षति न्यूनीकरण गर्नेछ र सोका लागि प्रभावकारी कानुनी तथा प्राविधिक संयन्त्र बनाउने छ ।

## राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा राज्य नीतिहरु

- नेपाल वातावरणमैत्री, स्वच्छ, सफा र प्रदूषणमूक्त राज्य हुने छ ।
- विकासका आवश्यकता पूरा गर्दा दिगो विकासलाई सर्वोपरि मानिनेछ ।
- प्राकृतिक एवम् वातावरणीय स्रोतहरूलाई सबैका साझा सम्पत्ति र भावी सन्ततिका नासोका रूपमा वर्तमान पुस्ताले पाएको अनुपम उपहार मान्दै तिनको बुद्धिमतापूर्ण एवम् दिगो उपयोग गर्ने व्यवस्था मिलाइने छ ।
- आर्थिक तथा भौतिक विकासमा वातावरणीय पक्षलाई एकीकृत गरी वातावरण तथा प्रकृतिलाई प्रदूषित एवम् विनाश हुन दिइने छैन ।
- प्रदूषणमुखी उद्योगधन्दा, कलकारखाना तथा लगानीलाई निरुत्साहित गरिने छ र विद्यमान संरचनालाई प्रदूषणमूक्त गराउन लाग्ने लागत उठ्न सक्ने गरी प्रभावकारी प्रदूषण कर प्रणाली लागू गरिनेछ र वातावरणमैत्री प्रविधिमा रूपान्तरणका लागि विशेष सहुलियतको व्यवस्था गरिने छ ।
- वातावरण संरक्षणलाई सहयोग पुऱ्याउने तथा कम प्रदूषण गर्ने खालका उद्योग, व्यवसाय तथा कामलाई प्राथमिकता दिइने छ ।
- स्वच्छ तथा नवीकरणीय उर्जा तथा कच्चा पदार्थ उपयोग हुने उद्योगलाई विशेष जोड दिइने छ ।
- वातावरण प्रदूषण तथा विनाशलाई फौजदारी अपराधको वर्गमा राखी कठोर दण्डको व्यवस्था गरिने छ ।
- नेपाल पक्ष भएका वातावरणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरूलाई नेपाल कानुनमा रूपान्तरण गरी वातावरण संरक्षणको अन्तर्राष्ट्रिय अभियानमा सक्रिय योगदान गरिनेछ ।
- अन्तर्राष्ट्रिय वातावरण प्रदूषण तथा विनाशबाट भइरहेको जलवायु परिवर्तनबाट नेपाली किसान तथा सर्वसाधारणमा थपिएको वातावरणीय, सांस्कृतिक, आर्थिक तथा मानवस्वास्थ्यसम्बन्धी समस्या समाधानका लागि प्राथमिकताका साथ कार्य गरिने छ । साथै क्लोरोफ्लोरो कार्बन वर्गमा पर्ने हरित गृह ग्याँसहरूको प्रयोगलाई निरुत्साहित गरी प्रतिबन्ध लगाउनेसम्मको व्यवस्था मिलाइने छ र तिनको सट्टामा स्वच्छ वैकल्पिक स्रोतको अनुसन्धान, विकास तथा उपयोगलाई प्राथमिकता दिइने छ ।
- वातावरण मैत्री पर्यटन र विकासलाई राष्ट्रले प्राथमिकता दिने छ ।
- राज्यले वातावरण स्वच्छ राख्न आवश्यक व्यवस्था गर्नेछ । जनसाधारणमा वातावरणीय स्वच्छता र प्राकृतिक स्रोतको सम्वर्धन तथा व्यवस्थापन गर्न चेतना बढाई आर्थिक, सामाजिक र भौतिक विकास सम्वन्धि

क्रियाकलापद्धारा वातावरणमा प्रतिकुल असर पर्न नदिन एवं वातावरण तथा दुर्लभ बन्यजन्तु विशेष संरक्षण, दिगो उपयोग र त्यसबाट प्राप्त लाभमा समन्यायिक बाडँफाडँको व्यवस्था गर्नेछ ।

- राज्यले उचित कानून बनाई नागरिक तथा भावी सन्ततिको प्राकृतिक स्रोत तथा सम्पदाको सुनिश्चितताको लागि देहायको कार्य गर्नेछ ।
  क) प्रदुषण तथा पारिस्थितिक ह्राशबाट बातावरणको जर्गेना
  ख) संरक्षण कार्यमा अभिबृद्धि
  ग) आर्थिक तथा सामाजिक दिगो विकास
  घ) पर्यावरणीय सन्तुलन कायम राख्ने
  ङ) जैविक विविधताको संरक्षण
- राज्यले वातावरणमा प्रत्यक्ष असर गर्ने खनीज उर्जाको उपयोगलाई कम गरी वातावरण मैत्री तथा नविकरणीय उर्जाको प्रयोग गर्न गराउन विशेष व्यवस्था गर्नेछ । सौर्य उर्जा, वायू उर्जा, जैविक उर्जा, जल विधुत आदिलाई प्रमुख उर्जा स्रोतको रुपमा बिकास गर्नेछ । राज्यले उद्योग धन्दा, व्यवसाय र बिकास निर्माणमा स्वच्छ प्रविधीको प्रयोगलाई गर्न गराउने कार्यलाई प्राथामिक्ता दिनेछ ।
- राज्यले वातावरण विनाश तथा ह्रासका कारण हुने प्रदुषण, तापक्रम बृद्धि, जलवायु परिवर्तन जस्ता वातावरणीय समस्याहरुको समाधान र क्षति न्युनिकरणको लागि विशेष व्यवस्था गर्ने छ । राज्यले प्रभावकारी वातावरण शिक्षा तथा जनचेतनात्मक कार्यक्रम लागु गर्नेछ ।

<u>वातावरणीय मुद्दाहरु</u>

- हरेक नागरीकलाई समान रुपमा प्राकृतिक स्रोतको उपयोग गर्ने अधिकार हुनु पर्दछ । तर प्रकृतिक स्रोतको दिगो उपयोगलाई ध्यानमा राखी गरीनु पर्दछ ।
- कुनै पनि विकास निमार्णको कार्य गर्दा वातावरणमा पर्ने प्रत्यक्ष तथा अप्रत्यक्ष असरहरुको अध्ययन गरी दिगो बिकासको सिद्धान्तलाई अप्नाउनु पर्दछ ।
- Polluters pay principle लाई नितिगतरुपमा राज्यको निर्देशक सिद्धान्तमा राखी संवैधानीक ब्यवस्था गरीनु पर्दछ ।
- आदिवासी तथा जनजातीहरुको प्रकृति सँगको सम्बन्ध र बर्षौ देखि अप्नाउदै आएको पारम्पारीक जीवन शैलीलाई संरक्षण प्रदान गरी वातावरण संरक्षणमा त्यो ज्ञानको उपयोग गरिनु पर्दछ ।
- राज्यले वातावरणमा प्रत्यक्ष असर गर्ने खनीज उर्जाको उपयोगलाई कम गरी वातावरण मैत्री स्वच्छ उर्जा जस्तैः सैर्य उर्जा, वायू उर्जा, जैविक उर्जा, जल विधुत आदिलाई राज्यले प्रमुख उजा स्रोतको रुपमा उल्लेख गरीनु पर्दछ । साथै यसको बिकासको ठोस कदम चालिनु पर्दछ ।
- उद्योग धन्दा र अन्य बिकास निर्माणमा स्वच्छ प्रविधीको प्रयोगलाई उच्च प्राथामिक्ता दिईनु पर्दछ ।
- राज्यले नविकरणीय उर्जालाई बढावा दिइनु पर्दछ ।
- कुनै पनि निति निमार्ण गर्दा, राष्ट्रीय तथा अन्तराट्रीय सन्धि संभ्mौता गर्नू अघि राज्यले सरोकारवालाहरु सँग परार्मस र छलफल गर्ने र यस्तो बिषयमा सरोकारवाताहरुको सहभागिताको सुनिश्चितता गरिनु पर्दछ ।
- प्रकृतिक स्रोत जस्तै वन, जैविक विविधता, जलस्रोत, खनिज स्रोत आदीको दिगो उपयोग र संरक्षणको राज्यले सुनीस्चीतता गरीनु पर्दछ ।
- राज्यले अन्तराष्ट्रिय र राष्ट्रिय स्तरमा वातावरण तथा प्राकृतिक स्रोत, जैविक विविधता संरक्षण सम्वन्धि गरेको सन्धि सम्झौताहरुको प्रभावकारी कार्यन्वयन गर्नु पर्दछ ।